# आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली

मितिः १२ अक्तूबर २०२५

समयः १८:५० - १६:०० बजे

**मुख्य समाचार**

- मुख्यमन्त्री ममता ब्यनेर्जी उत्तर बंगालको भ्रमणमा हुनुहुन्छ। उहाँ भोली दार्जीलिंगको भ्रमणमा आउनुहुने सम्भावना छ।
- केंद्रले राज्य अनि केंद्र शासित प्रदेशहरुका बिद्यालयहरु सित प्रवेश अनि परीक्षा शुल्क जम्मा गर्नको लागि यूपीआई अप्नाउन भनेको छ।
- पश्चिम बर्धमान जिल्लाको दुर्गापुरस्थित एक निजी मेडिकल कलेजकी छात्रासित भएको सामूहिक दुष्कर्मको मामिलामा तीनजना आरोपीहरूलाई 10 दिनको पुलिस हिरासतमा पठाएको छ।
- आगामी मंगलबार हुने भनिएको गोर्खाल्यान्ड क्षेत्रीय प्रशासनको सभा अब भोली हुनेछ।
- मिरिकका एक अग्रज पत्रकार एवं शिक्षक रोशन थापाको आज बिहान मन्जु स्थित उहाको निवासस्थानमा निधन भयो।

**मुख्यमन्त्री दार्जीलिङ भ्रमण**

मुख्यमन्त्री ममता ब्यानर्जी उत्तर बंगालको भ्रमणमा हुनुहुन्छ। आज उहाँले अलिपुरद्वारको भ्रमण गर्नुभयो। भोलि उहाँ दार्जीलिङ आउने सम्भावना रहेको छ। हालको भीषण वर्षा, पहिरो र बाढ़ीले उत्तर बंगालमा भएको क्षय-क्षतिहरूको जानकारी लिन तथा राहत र बचाव कार्यहरूको समीक्षा गर्न ६ अक्तूबरको दिन उहाँ दुइ दिन उत्तर बंगाल भ्रमणमा आउनु भएको थियो। उहाले जलपाइगढ़ी, अलिपुरद्वार तथा दार्जीलिंग जिल्लाको समतल इलाकाहरूको भ्रमण गर्नु भएको थियो। तर पहाड़को प्रमुख बाटोहरूलाई निकै क्षति पुगेकोले पहाड़ आउन सक्नु भएको थिएन। यसैले उहा भोलि दार्जीलिंगको भ्रमणमा आउने तथा पहाड़मा भएको क्षय क्षतिको जानकारी लिनु हुनेछ। साथै पुनरनिर्माणका निर्देशहरू र थप सहायता राशीहरू प्रदान गर्नु हुने आशा चिया बगान संगठन तथा पीड़ित मानिसहरूले साचेका छन्। मुख्यमन्त्रीले बाढ़ी, वर्षा र पहिरोले ज्यान गुमाउने प्रत्येक परिवारका निकट आफन्तलाई ५-५ लाख रुपियाको सहायता तथा घरको एक जनालाई होमगार्डको नोकरी दिने वाचा पहिलेबाटै गर्नुभएको छ। प्रधानमन्त्री आपदा राहत कोषबाट पनि प्रत्येक ज्यान गुमाउने परिवारलाई अढ़ाई-अढ़ाई लाख रुपिया दिइने छ।

**शिक्षा मंत्रालय - यूपीआई**

केंद्रीय शिक्षा मंत्रालयले राज्यहरु अनि केंद्र शासित प्रदेशहरुका बिद्यालयहरु सित प्रवेश अनि परीक्षा शुल्क एकत्र गर्नको लागि एकीकृत भुगतान इंटरफ़ेस-यूपीआई अपनाउने आग्रह गरेको छ। यसको उद्देश्य प्रशासनिक प्रक्रियाहरुको आधुनिकीकरण गर्नु हो। राज्यहरु, केंद्र शासित प्रदेशहरु अनि NCERT, CBSE, KVS अनि छटै जस्ता स्वायत्त संस्थाहरुलाई स्कूली शिक्षा अनि साक्षरता विभागले बिद्यालयहरुमा वित्तीय लेनदेनलाई सुव्यवस्थित गर्नको लागि UPI अपनाउनको लागि जोर दिएकोको छ।

**पश्चिम बर्धमान -दुष्कर्म**

पश्चिम बर्धमान जिल्लाको दुर्गापुरस्थित एक निजी मेडिकल कलेजकी छात्रासित भएको सामूहिक दुष्कर्मको मामिलामा तीनजना आरोपीहरूलाई 10 दिनको पुलिस हिरासतमा पठाएको छ। हाल थानामा आरोपीहरूसित सोध-पुछ भइरहेको छ।

*पुलिसले कलेज परिसर तथा वरपरको क्षेत्रमा ड्रोन क्यामको सहयोगबाट खोजी अभियान शुरू गरेको छ। साथै फरेन्सिक टीमले पनि नमूना एकत्र गरिरहेको छापीड़िता ओडिशाकी हुन् जसले दुर्गापुरको शोभापुरमा अवस्थित एक निजी मेडिकल कलेजमा डाक्टरको पढ़ाई गरिरहेकी छन्। गत*

*शुक्रवार राती उनि आफ्नो सहपाठीसित कलेज परिसर बाहिर गएकी थिइन्। आरोप छएए यसै अवधि केही युवकहरूले उसलाई जिस्काए अनि बलजफ्ती नजिकको जंगलमा लगेर सामूहिक दुष्कर्म गरे। घटनाको जाँच गर्ने क्रममा पुलिसले सबैभन्दा पहिला छात्राकी सहपाठीलाई हिरासतमा लियो। अबेर राती अन्य दुईजना संदिग्धहरूलाई पनि पक्राउ गरियो। तथापि अहिलेसम्ममा कसैलाई पनि औपचारिक रूपमा पक्राउ गरिएको छैन। पुलिस सूत्रानुसार अन्य मानिसहरूलाई पनि चिन्हित गरिसकिएको छ। घटनाबारे कलेज प्रशासनले हिज एक बयान जारी गरेको छ।*

यसै बीच राष्ट्रिय महिला आयोगका सदस्य अर्चना मजुमदारले पीड़ितासित भेट गरिन्। आयोगका अध्यक्ष विजय राहाटकरले पश्चिम बंगाल पुलिस महानिदेशकलाई पत्र लेखेर दोषीहरूलाई यथाशीघ्र पक्राउ गर्ने अनि घटनाको निष्पक्ष जाँच गर्ने माग गरेका छन्। पश्चिम बंगाल जूनियर डाक्टर्स फ्रण्टले पनि पारदर्शी जाँचको माग गरेको छ। अर्कोतिर भारतीय जनता पार्टीले घटनाको विरोधमा सड़कमा उत्रेर राज्य प्रशासनविरूद्ध प्रदर्शन गरे।

**<u>सामूहिक बलात्कार ममता बनर्जी</u>**

पश्चिम बंगालकी मुख्यमन्त्री ममता बनर्जीले महिलाहरूलाई राती बाहिर ननिस्कन सल्लाह दिएको बयानलाई लिएर राजनीतिक हंगामा मच्चिएको छ। उहाँ उत्तर बंगाल जानुअघि कोलकाता हवाई अड्डा परिसरमा दुर्गापुर स्थित एक निजी मेडिकल कलेजकी एमबीबीएस द्वितीय वर्षकी छात्रासित कथित सामूहिक दुष्कर्मको मामिलामा सञ्चारकर्मीहरूसित कुराकानी गर्दै हुनुहुन्थ्यो। उहाँले भन्नुभयो यस मामिला बारे जाँच जारी छ र सबै आरोपीहरुलाई सजाय दिईनेछ।

**<u>जिटिए सभा</u>**

आगामी मंगलबार हुने भनिएको गोर्खाल्यान्ड क्षेत्रीय प्रशासनको सभा अब भोली हुनेछ। गत ४ अनि ५ अक्टोबरको लगातारको भारी वर्षा र बाडको कारण गोर्खाल्यान्ड क्षेत्रीय प्रशासन अन्तर्गतका विभिन्न क्षेत्रहरूमा व्यापक जनधनको क्षति भएको छ। यसका साथै जनजीवन अत्याधिक प्रभावित बनेको छ। यस्तोमा अनित थापाको नेतृत्वमा भएको GTA को सभालाई महत्वपूर्ण मानिएको छ। पहिरोका कारण धेरै जनाले ज्यान गुमाएको छ भने सयौ बेघर बनेका छन। धेरै ग्रामीण क्षेत्रहरुमा यातायात सुचारु हुन सकेको छैन। प्रभावित क्षेत्रहरूको समस्याको समाधान अनि विस्थापितहरुको पुर्नवास, हाल जिटिएको निम्ति चुनौती बनेको छ। सभाको मिति मुख्यमन्त्रीको पहाड आगमनलाई केन्द्र गरि सारिएको थाहा लागेको छ। सभाबारे जानकारी दिंदै गोर्खाल्यान्ड क्षेत्रीय प्रशासनका अध्यक्ष अञ्जुल चौहानले मिति परिवर्तनको पुष्टि गरेका छन् र सबै हितधारकहरुलाई उपस्थित हुने आग्रह गरेका छन्।

**<u>अनित थापा</u>**

गोर्खाल्यान्ड क्षेत्रीय प्रशासनका मुख्य कार्यपाल अनित थापाले आज रिम्बिक लोधोमा समष्टि अन्तर्गत फेन्चेटार, फेदिखोला, फोक्टे क्षेत्रमा वर्षाको प्रकोपको अवलोकन गर्नुभयो। यस क्रममा उहाँले प्रकोपको समय सबै तह तप्काले सहयोग गरिरहेको बताउनु भयो। यसरी एक भएर कार्य गर्न सके गाउँ घरलाई यस विपदबाट मुक्त गर्नु सकिने श्री थापाले बताउनु भयो।

**<u>पत्रकार- निधन</u>**

मिरिकका एक अग्रज पत्रकार एवं शिक्षक रोशन थापाको आज बिहान मन्जु स्थित निवासस्थानमा निधन भएको छ। उहाको असमायिक निधनमा सञ्चार जगत एवं क्षेत्रमा गहिरो शोकको लहर छाएको छ। रोशन थापाले बर्ष 1994 देखि शुरु भएको नेपाली दैनिक सुनचरीबाट पत्रकारिता शुरु गरेका थिए भने दार्जीलिङ प्रेस एसोसिएसनका संस्थापक सदस्य एवं मिरिक प्रेस क्लबका पुर्व मुल सचिवको पद पनि सम्हालेका थिए। स्व. रोशन थापा निर्भिक, स्वतन्त्र अनि जुझारु पत्रकारको रुपमा अधिक लोकप्रिय थिए।

**असम जीएसटी**

प्रधानमन्त्री नरेन्द्र मोदी द्वारा घोषित जीएसटी बचत उत्सवले सम्पूर्ण देशलाई लाभान्वित गरिरहेको छ। सुन्नुहोस हाम्रा संवाददाताबाट एक रिपोर्ट

***(बाईट)***

**विश्व गठिया दिवस**

आज विश्व गठिया या बाथ दिवस हो। यसको आयोजन बाथ रोग अनि यसबाट बाच्नको निम्ति जागरूकता फैलाउने उद्देश्यले गरिने गरिन्छ। दिल्लीमा अखिल भारतीय आयुर्विज्ञान संस्थान, एम्स-को रूमेटोलजी विभागको प्रमुख डा. उमा कुमारले आकाशवाणीलाई बताए अनुसार बाथको लक्षणहरूको पहिचान यसको उचित उपचारबाट गर्न सकिन्छ।

****** o ******